जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ६२ २०७८ साल असोज १२ गते मंगलबार (28 Sep. 2021 Tuesday) मूल्य रु. ५/-

पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको लक्ष्यानुसार ... ३ पृष्ठमा : मिथिलाञ्चलमा जितिया ... ३ पृष्ठमा :विश्वबाट आणविक हतियार ...

## व्यवस्थापन समिति र प्रअको मिलोमतोमा सूचना लुकाइएको आरोप
## व्यवस्थापन समितिको दवाबमा सूचना दिन असमर्थ : प्रअ



**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

सप्तरीको विष्णुपुर गाउँपालिका १ खुरहुरियास्थित श्री जनता माध्यमिक विद्यालयको हरहिसाब तथा कर्मचारी र प्रअ नियुक्ति बारेको विवरण माग गर्दा नदिएपछि विवाद उत्कर्षमा पुगेको छ ।

व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले उक्त विवरण उपलब्ध नगराएको भन्दै स्थानिय अभिभावक आन्दोलनकै घोषणा गरेपछि विवाद उत्कर्षमा पुगेको हो ।

भदौं २८ गते सूचनाको निवेदन दिएपछि असोज १० गते विद्यालयका प्रअ रामनारायण यादवले व्यवस्थापन समितिको दवावमा उक्त सूचना उपलब्ध गराउन नसक्ने लिखित जवाफ दिएपछि स्थानिय अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारीहरुले सोमबार विद्यालय परिसरमै पत्रकार सम्मेलनको आयोजना गरि आन्दोलन समेत गर्ने घोषणा गरेका छन् ।

पत्रकार सम्मेलनमा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष जयनारायण यादवले लामो समयदेखी हरहिसाब तथा कर्मचारी र प्रअ नियुक्तिको विषयमा गरिएको विज्ञापन बारे रितपूर्वक निवेदन दिई सूचना माग्दा पनि नदिएको आरोप लगाए ।


उनले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चितरन्जन यादव तथा प्रधानाध्यापक रामनारायण यादवको मिलोमतोमा सूचना लुकाउने काम भएकोले जितिया पर्व सके लगत्तै धर्ना र तालाबन्दी लगायतका आन्दोलन कार्यक्रम गर्ने अभिभावक भेलाबाट निर्णय भएको जानकारी दिए ।

पत्रकार सम्मेलनमा अभिभावक दिलिपकुमार यादवले विद्यालय व्यवस्थापन समिति र प्रअले सूचना दिन नमानेपछि अभिभावक तथा स्थानिय समाजका भरभलादमीको बैठकबाट तीन बुँदे निर्णय गरिएको बताए ।

उनले विद्यालयका विगतका प्रअहरुबाट भएको बरबुझारत, कर्मचारी नियुक्ती बारे गरेको भनिएको विज्ञापन विवरण, बैंक स्टेटमेन्ट तथा विद्यालयको आयव्यय विवरण माग्ने निर्णय भए बमोजिम पत्राचार गरेको लामो समय बितिसक्दा पनि उपलब्ध नगराएको गुनासो पोखे ।

सो बारे शिक्षा मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना केन्द्र, शिक्षा समन्वय इकाई शाखा, विष्णुपुर गाउँपालिकाको कार्यालयका साथै प्रदेश २ को सामाजिक विकास मन्त्रालयमा समेत पत्राचार गरिसकिएको उनको भनाई छ ।

यता प्रअ यादवले आफूले सूचना नलुकाएको दाबी गर्दै व्यवस्थापन समितिको दवावमा उपलब्ध गराउन नसकेको भन्दै समितिले आफूलाई स्पष्टिकरण सोधेकाले दबाबमा सूचना दिन नसकेको जवाफ फर्काएका छन् ।



श्री जनता माध्यमिक विद्यालय खुरहुरिया

विद्यालय कोड नं. १ ५ ० १ ८ ० ० ० ३
मो.नं.९८२४७८८२१६
प्रदेश नं. २
संस्घीय क्षेत्र नं.३

पत्रसंख्या :२०७८/०७९
चलानी नं ३६

मितिः- २०७८/०६/१०

विषय :- जानकारी सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा अभिभावकहरुद्वारा मिति २०७८।०५।२८ गते दिइएको निबेदन अनुसार बैंक स्टेटमेन्ट, प्र.अ.हरुले गरेको बर बुझारत गरेको कागजात, २०७३।०५।०७ गते देखि मिति २०७८ साल ६महिना १० सम्मको वि.व्य.स.को सबै निर्णयहरु, विज्ञापन सम्बन्धी कागजात वि.व्य.स.को दवावले उपलब्ध गराउन नसक्ने व्यहोरा जानकारी गराइन्छ ।

प्रधानाध्यापक
श्री जनता मा.वि. खुरहुरिया
विष्णुपुर-१, सप्तरी

उनले सूचना माँग गर्दै स्थानिय अभिभावकले बुझाएको पत्रको जवाफ फर्काउँदै असोज १० गते च.न. ३६ को पत्रमा "तपाईहरुले मागेको विवरण विद्यालय व्यवस्थापन समितिको दवावका कारण उपलब्ध गराउन असमर्थ छौं ।" उल्लेख गरेका छन् ।

## जितियामा महिलाहरुलाई दुई दिने बिदा

**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

मधेसका महिलाहरुको ठूलो पर्व जितियाको अवसर प्रदेश २ सरकारले असोज १३ गते बुधबार महिलालाई सार्वजनिक विदा दिएको छ ।

मुख्यमन्त्री लालबाबु राउतले सोमबार जितिया पर्वको शुभकामना दिँदै असोज १३ गते महिलाहरुलाई सार्वजनिक विदा दिने बताएका हुन् ।

सन्तानप्रति आमाको स्नेह झल्काउने यस पर्वले प्रदेशभरि नै आस्था र प्रेम कायम गरोस् भनी मुख्यमन्त्रीले शुभकामना दिएका छन् ।

यसैबीच राजविराज नगरपालिकाले हिन्दु धर्मावलम्बी महिलाहरुको महान चाड जितिया पर्वको अवसरमा असोज १२ गते महिला कर्मचारीहरुलाई बिदा दिएको छ ।

नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवद्वारा सोमबार जारि सूचनामा जितिया पर्वको पावन अवसरमा सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण

*बाँकी अन्तिम पृष्ठमा*

## बाल विकास केन्द्रका महिला शिक्षक तथा कर्मचारीहरु धर्नामा




**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

सप्तरीका बाल विकास केन्द्रका शिक्षक पदमा कार्यरत महिलाहरु तथा कर्मचारीहरु धर्नामा वसेका छन् ।

सरकारले गरेको व्यवस्था अनुसार स्थानीय तहले तलब सुविधा नदिएपछि उनीहरु सोमवार विहान १० वजे कार्यालय खुल्नासाथ राजविराज नगरपालिका कार्यालयको प्रागंनमा धर्नामा वसेका हुन् ।

वर्षौंदेखी आफुहरुले उठाउँदै आएको जायज माग पुरा नभएपछि बाध्य भएर धर्नामा वसेको उनीहरुले बताएका छन् । माग सुनवाई नभए मंगलवारदेखी दैनिक एक घण्टा धर्नाको समय बढाउँदै लगिने संघर्ष समितीकी सचिव विभा झाले जानकारी दिएकी छिन् ।

यस अघि असोज ४ गते राजविराज नगरपालिकाको कार्यालयलाई ज्ञापनपत्र तथा जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला समनवय समितिमा सोको बोदार्थ पत्र बुझाउँदै आन्दोलनका कार्यक्रम उनीहरुले सार्वजनिक गरेका थिए ।

बाल शिक्षक र विद्यालयका कर्मचारीद्वारा गठित संघर्ष समितिको अगुवाईमा बुझाइएको सो ज्ञापनपत्रमा आफूहरुको जायज माग पुरा गर्न नगरपालिकाले कुनै चासो नदेखाएकाले चरणबद्ध आन्दोलनमा उत्रिन बाध्य भएको उल्लेख गरेका थिए ।

ज्ञापन पत्रमार्फत नै आन्दोलन कार्यक्रम सार्वजनिक गरेका उनीहरुले असोज ८ गते कालोपटी बाधेर पठनपाठनमा सहभागि भएका थिए भने असोज ९ गते सरोकारवालाहरुलाई राखेर अन्तरक्रिया गरेका थिए । यस्तै असोज १० गते पेनडाउन र पूर्व घोषित कार्यक्रम अनुसार सोमबार राजविराज नगरपालिका कार्यालयमा धर्ना बसेका हुन् ।

संघर्ष समितिका अध्यक्ष सुमित्रा दासले सरकारद्वारा बाल शिक्षक र विद्यालय कर्मचारीको तलब मासिक १५ हजारका दरले कायम गरिए पनि आफूहरु सो सेवा सुविधाबाट बञ्चित रहेको र यसबारे पटक पटक नगरपालिकाको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही पाउन नसकेको गुनासो पोखिन ।

संघर्ष समितिका सदस्य सचिव झाले बाल शिक्षक र विद्यालय कर्मचारीको मासिक तलबमा दुई हजार संघीय सरकार

*बाँकी अन्तिम पृष्ठमा*

## हर्न बजाउन तार जोड्ने क्रममा करेन्ट लागेर यूवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

सप्तरीमा एक यूवकको सोमबार करेन्ट लागेर मृत्यु भएको छ ।

जिल्लाको खडक नगरपालिका २ बेल्ही बस्ने २१ वर्षिय दिपेन्द्र मण्डलको जितिया महोत्सवमा बाजा बजाउनका लागि हर्नको तार जोड्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार आपको रुखमा चढेर हर्नको तार जोड्ने क्रममा ११ हजार भोल्टको तार बायाँ हातले छोएपछि करेन्ट लागेको हो । करेन्ट लागेर गम्भिर घाइते भएका उनलाई उपचारका लागी कामना नर्सिङहोम लहान सिरहा लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता घटना सम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# समयमै सजग र सतर्क हुनु सबैलाई आवश्यक

चाड पर्व नजिकिदै जाँदा विभिन्न बस्तुहरुको मूल्य पनि बृद्धि भएको छ। खाद्यान्नदेखी लिएर लगाउने कपडासम्मको मुल्यमा बृद्धि भएको हो। दैनिक उपभोग्य सामाग्रिहरुमा त नचाहिँदो मुल्य बृद्धि भएको छ। त्यसमा पनि खाद्यान्न तथा तरकारीको मुल्य झनै आकाशिएको छ। तरकारीको कुरा गर्ने हो भने सबै हरिया तरकारीको मुल्य एक सय भन्दा बढी प्रति किलो मुल्य भएको छ। जबकी ती तरकारीहरुको मुल्य ४० देखी ५० रुँपैया प्रति किलो हुने हो। दोब्बर भन्दा बढीको फरकका कारण उपभोक्ताहरुलाई सास्ती भएको छ। तरकारी मात्र यस्तो बस्तु हो जुन सधैं सेवन गर्न पर्छ चाहे त्यो जति सुकै मुल्य बृद्धि होस्। सोही कारणको फाइदा उठाएर पसलेहरुले आफू अनुकुल मुल्य तोक्ने गर्छन्।

यसरी तरकारी मात्र नभएर लत्ताकपडा, चामल, दाल, मसला, सुन, चाँदी सबै बस्तुको मुल्य आफूखुशी नै हुनेगरेको पाइन्छ। यसप्रति स्थानिय निकाय निरिह बनेको छ। जनताको हितका लागि सबै अधिकार स्थानिय निकायलाई नै दिएको अवस्थामा सो निकायलाई जनताबाट कुनै मतलब भएको देखिन्न्। मात्र चुनावको बेला भोट माग्न उनीहरु घर घरै पुग्छन्। हो यस्तो बेलामा उनीहरुलाई यी प्रश्न तेर्स्याउनु आवश्यक छ।

जनताको न्युनतम अधिकार दिलाउनबाट बञ्चित गर्ने प्रतिनिधिलाई जनताले निर्वाचनकै बेला प्रतिशोध लिने कुरा पनि बिर्सनु हुन्न्। तसर्थ यी कुराहरु ननिम्त्याउनका लागि समयमै सजग र सतर्क हुनु सबैलाई आवश्यक छ।

# सरकारको लक्ष्यानुसार नै कोरोनाको खोप पुग्दै, नेपाल सार्कमा चौथो

काठमाडौं, ११ असोज (रासस)। सरकारले अघि सारेको लक्ष्यअनुसार नै कोरोना भाइरस विरुद्धको खोप लक्षित वर्गमा पुग्ने देखिएको छ। सरकारले असोजमसान्तसम्म लक्षित वर्गको एक तिहाइ जनसङ्ख्यालाई खोप लगाउने लक्ष्य राखेको थियो। सोही अनुसार अहिलेसम्म ३० प्रतिशतलाई पहिलो मात्रा र २८ प्रतिशतलाई पूर्णमात्राको खोप लगाइसकिएको छ।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखा प्रमुख सागर दाहालले लक्ष्यअनुसार असोज मसान्तसम्म लक्षित वर्गलाई खोप लगाइसक्ने जानकारी दिनुभयो। "हामीले असोज मसान्तसम्म लक्षित वर्गको ३३ प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने भनेका थियौं", उहाँले भन्नुभयो, "सोहीअनुसार हामीले दैनिक खोप अभियान सञ्चालन गरिरहेका छौं। असोज मसान्तसम्म ३३ प्रतिशतलाई खोप पुऱ्याउँछौं।"

प्रधानमन्त्री शेरबहादुर देउवाले असार २९ मा आफू नियुक्त भए लगत्तै कोरोना भाइरस विरुद्धको खोपलाई सरकारले पहिलो प्राथमिकतामा राख्ने र आसोज मसान्तसम्ममा ३३ प्रतिशतमा खोप पुऱ्याइने घोषणा गर्नुभएको थियो। सोही अनुरुप सरकारले अनुदान प्राप्त हुने देशबाट अनुदान तथा चीन र भारतबाट खरिद गरेर पनि खोप ल्याउने नीति लिएको हो।

सरकारले १८ वर्षभन्दामाथिका ७१.६ प्रतिशत अर्थात् कूल दुई करोड १७ लाख ५६ हजार ७६३ जनालाई खोप लगाउने लक्ष्य राखेको छ। सरकारले आगामी असोजसम्म लक्षित वर्गको ३३ प्रतिशत, पुस मसान्तसम्म दुई तिहाइ र चैत मसान्तसम्म लक्षित सबैलाई खोप लगाउनसक्ने जनाएको छ। पहिलो चरणको अर्थात् असोज मसान्तसम्मको लक्ष्य पूरा हुन लागेकाले खोपको आगामी अरु लक्ष्य पनि पूरा हुने देखिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कम्तीमा ६० प्रतिशत जनसङ्ख्यालाई खोप लगाएमा रोगको नियन्त्रण गर्न सकिने जनाइएको छ। खोप अभियानकै क्रममा मन्त्रालयले अहिले पनि भेरोसेलको पहिलो मात्रा खोप अभियान सञ्चालन भइरहेको छ। अहिले दैनिक एक लाखभन्दा बढी जनाले खोप लगाइरहेका छन्।

अहिलेसम्म पूर्वरुकुम, मनाङ र मुस्ताङका सबै लक्षित समुदायले पूर्णमात्राको खोप लगाइसकेका छन्। उहाँका अनुसार कूल जनसङ्ख्याको २२ प्रतिशतले पहिलो र २० प्रतिशतले पूर्णमात्राको खोप लगाइसकेका छन्। अहिले ६६ लाख नौ हजार २३३ ले पहिलो र ६० लाख ३६ हजार ४०१ जनाले पूर्ण मात्रा गरी कूल एक करोड २६ लाख ४५ हजार ६३४ जनाले खोप लगाइसकेका छन्।

खोप अभियानअन्तर्गत सबैले खोप लगाउन थालेपछि सङ्क्रमण पनि घट्दै गइरहेको छ। आइतबार १३ हजार ७३६ जनामा कोभिड-१९ परीक्षण गर्दा ८३४ जनामा सङ्क्रमण देखिएको छ। अहिले परीक्षण गरिएकामध्ये करिब १२ देखि १५ प्रतिशतमा सङ्क्रमण देखिएको छ।

अहिलेसम्म नेपालमा सङ्क्रमणको दर १९ प्रतिशत रहेको छ। नेपालमा पहिलो पटक सङ्क्रमण देखिएको एक वर्षपछि नेपालमा खोप लगाइएको थियो। नेपालमा पहिलो पटक २०७६ माघ ९ गते सङ्क्रमण देखिएको थियो। सरकारले गत माघ १४ गतेदेखि खोप लगाउन सुरु गरेयता सात महिनामा यही भदौ १६ गते नै एक करोड ९२ हजार १६४ सर्वसाधारणले खोप लगाएका थिए।

**कुन जिल्लामा कतिले खोप लगाए**

सबभन्दा बढी काठमाडौं उपत्यकामा जनसङ्ख्यालाई खोप लगाइएको छ। काठमाडौं जिल्लामा पहिलो ५० प्रतिशत र दोस्रो ४९ प्रतिशत जनसङ्ख्यालाई, ललितपुरमा पहिलो ५० प्रतिशत जनसङ्ख्या र ४५ प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेको छ।

यस्तै भक्तपुरमा ४१ प्रतिशतलाई पहिलो मात्रा खोप र ४६ प्रतिशतलाई पूर्ण मात्राको खोप लगाइसकेको छ। उपत्यकापछि सबभन्दा बढी रसुवामा खोप लगाइएको छ। रसुवामा पहिलो मात्रा ५६ प्रतिशत र पूर्णमात्रा ४७ प्रतिशतलाई लगाइएको छ। यस्तै काभ्रेमा ३७ प्रतिशत पहिलो र ३१ प्रतिशत पूर्ण मात्रा, रामेछाप २६ प्रतिशत पहिलो र ३६ प्रतिशत पूर्ण मात्राको खोप लगाइएको छ।

यस्तै कास्कीमा पहिलो मात्रा २५ प्रतिशत जनसङ्ख्या र पूर्ण ३१ प्रतिशतलाई, लमजुङमा पहिलो ३० प्रतिशत र पूर्ण मात्रा २९ प्रतिशतलाई लगाइएको छ। स्याङ्जा पहिलो ३२ प्रतिशत र पूर्ण मात्रा २८ प्रतिशत, पर्वत पहिलो २३ प्रतिशत र पूर्ण मात्रा २५ प्रतिशतलाई खोप लगाइसकेको जनाइएको छ।

**कुन प्रदेशमा कतिले खोप लगाए**

मन्त्रालयका अनुसार सबभन्दा बढी वाग्मती प्रदेशमा खोप लगाइएको छ। वाग्मती प्रदेशमा पहिलो ३६ प्रतिशत र पूर्ण मात्रा ३४ प्रतिशत जनसङ्ख्यालाई खोप लगाइएको छ। गण्डकी प्रदेशमा पहिलो र पूर्ण मात्रा खोप २४/२४ प्रतिशत जनसङ्ख्यालाई, लुम्बिनी प्रदेशमा पहिलो १९ प्रतिशत र पूर्ण मात्रा १७ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा पहिलो १८ प्रतिशत र पूर्ण मात्रा १७ प्रतिशतलाई खोप लगाइसकेको छ।

यस्तै प्रदेश नं १ मा १८ प्रतिशतले पहिलो र १५ प्रतिशतले पूर्ण मात्रा र प्रदेश नं २ मा १५ प्रतिशतले पहिलो र १३ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन्। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले मुलुकभरि विशेष क्षेत्र काम गर्ने सबैजसोलाई खोप लगाइसकेको जानकारी दिनुभयो।

"हामीले लक्ष्यअनुसार सबैलाई खोप लगाइसकेका छौं", उहाँले भन्नुभयो, "सबै नागरिकलाई खोप लिने लक्ष्यसहित खोप ल्याइरहेका छौं।" सुरुमा ६५ वर्षभन्दा माथिका र स्वास्थ्यकर्मी, अस्पतालमा काम गर्ने सरसफाइकर्मी, कोभिड-१९ विरुद्धको रोकथाम र नियन्त्रणमा अग्रपङ्क्तिमा रहेका काम गर्ने व्यक्तिबाट सुरु गरिएको खोप अहिले ५० वर्षमाथिका प्रायः सबैलाई खोप दिइसकेको थियो।

मन्त्रालयले यही असोज ४ गतेदेखि १४ गतेसम्म ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, रसुवा, जुम्ला, मुगु, हुम्ला, डोल्पा, बाजुरा र दार्चुला जिल्लामा १८ वर्षभन्दा माथिका सबैलाई भेरोसेल खोपको पहिलो मात्रा लगाईदै छ।

यस्तै काभ्रे र चितवनमा पनि १८ वर्षभन्दा माथि छुटेका विद्यार्थी र ३५ वर्षमाथिका सबैलाई र काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, रामेछाप, सर्लाही र अछाम जिल्लामा ४० वर्षमाथिका खोप लगाउन बाँकी र १८ वर्षमाथिका खोप लगाउन छुटेका विद्यार्थीलाई खोप लगाईदै छ।

नेपालमा अहिले कोभिशिल्ड, भेरोसेल, जोन्सन एण्ड जोन्सन, एस्ट्राजेनिका खोप लगाइएको छ। सरकारले सर्वसाधारणलाई खोप लगाउनका लागि खरिद, अनुदान र कोभ्याक्स सुविधामार्फत ल्याइरहेको छ। सरकारले खोपको कमी हुन नदिन अनुदान लिएर तथा खरिद गरेर पनि खोपको मात्रा पुऱ्याउने बताइरहेको छ।


**बालबालिकाका लागि चाँडै एक लाख मात्रा आउँदै**

सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई मोडर्ना र फाइजर खोप लगाइने तयारी गरेको छ। बालबालिका लागि मोडर्ना ४० लाख र फाइजर ६० लाख मात्रा ल्याइने छ। मोडर्ना कोभ्याक्स सुविधाअन्तर्गत ल्याउनका लागि पैसा पनि बुझाइसकेको छ। खोप शाखा प्रमुख दाहालले एक लाख मात्रा फाइजर खोप चाँडै नै आउने बताउनुभयो।

उहाँका अनुसार अहिलेसम्म एक करोड ७७ लाख मात्रा खोप आइसकेको छ। यसैगरी ५९ लाख मात्रा भेरोसेल खोपका लागि पैसा तिरिसकेको उहाँले बताउनुभयो। कूल खोप लगाउने लक्षितमध्ये २० प्रतिशत कोभ्याक्स सुविधामार्फत ल्याउने सरकारले तयारी रहेको छ। कोभ्याक्सबाट निःशुल्करुपमा एक करोड १३ लाख मात्रा खोप प्राप्त गर्ने सरकारको योजना छ। सरकारले असोज मसान्तभित्र एक करोड पाँच लाख ४८ हजार मात्रा खोप र चैतसम्म तीन करोड २३ लाख मात्रा खोप ल्याइसक्ने जनाएको छ।

**सार्कमा नेपाल चौथो**

कोरोना भाइरसविरुद्धको खोप लगाउनेमा नेपाल सार्क मुलुकमा चौथो स्थानमा छ। सार्क देशहरुमा सबैभन्दा बढी भुटानले ६५.६ प्रतिशत नागरिकलाई खोप दिएको छ। त्यस्तै दोस्रोमा मालदिभ्सले ६१.४८, श्रीलंकाले ५२.६१ प्रतिशतलाई र नेपालले लक्षित वर्गको २८ प्रतिशत नागरिकलाई पूर्ण मात्रामा खोप लगाएको पनि डा अधिकारीले बताउनुभयो।




पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिलाञ्चलमा जितिया पर्व सुरु

जलेश्वर, ११ असोज (रासस)।

नेपाल र भारतको सम्पूर्ण मिथिला क्षेत्रकै पवित्र 'जितिया पर्व' महोत्तरीलगायत मिथिलाञ्चल क्षेत्रमा नहा खा (नुहाएर खानु) विधि गर्दै सोमबारदेखि धार्मिक विधिअनुसार सुरु भएको छ। व्रत बस्नुअघि आजका दिन व्रती महिलाले नदी, तलाउ वा पोखरीमा नुहाएर सोही ठाउँमा घिरौलाको पातमा भगवान जितमाहन र दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) तथा पिना प्रसादका रुपमा चढाइ आफू पनि खाने र परिवारका सबै सदस्यलाई खुवाउने गर्दछन्।

त्यसैगरी भोलि (मङ्गलबार) बिहान ४:०० बजेदेखि उपवास बसी निराहार एवं निर्जल व्रत बसी बुधबार बेलुका ५:०० बजेपछि मात्रै व्रतीहरुले व्रत सम्पन्न गर्ने जलेश्वरनाथ महादेवका पूजारी उपेन्द्र पाठकले बताउनुभयो। व्रतालुले जिल्लाको विग्ही, रातो जङ्गहा, अङ्कुशी नदी तथा पवित्र पोखरी लक्ष्मी सागर, बरुणसागर, भार्गवसरलगायत पवित्र सरोवर र नदीमा स्नान गरेर जितमाहनको कथा सुन्ने गर्छन्। यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन छ।

व्रत बस्नु अघिल्लो दिनमै व्रतालुले विभिन्न जलाशयमा स्नान गरी घिरौलाको पातमा पिना, सख्खर र तोरीको तेलसहितका पदार्थ चढाउनुपर्छ। देवतालाई चढाएकै तेलमध्येबाट आ-आफना शाखा सन्तानलाई पनि लगाउन दिनुपर्छ। व्रतको पहिलो दिन सोमबार पूजापछि कोदोको रोटी, नूनीको साग र माछा खाने चलन छ। त्यसलाई स्थानीय भाषामा 'माछ मरुवा' भनिन्छ।

त्यसैगरी विधिअनुसार भोलि एका बिहानै काग कराउनु भन्दा पहिल्यै व्रती महिला ओंगठन सम्पन्न गर्नुपर्छ अर्थात केही खानेकुरा ओठमा लगाउनुपर्छ। प्राय:जसो महिलाले ओंगठनमा च्यूरा र दही खाने गरेको पाइन्छ। त्यसपछि विकट उपवासको क्रम सुरु हुन्छ। आश्विन कृष्ण पक्षको अष्टमीका दिन मनाइने यो व्रत विशेष विकट रहेको जलेश्वरका विख्यात पण्डित कालिकान्त झा बताउनुहुन्छ।

सन्तानको दीर्घजीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्वसमेत छ। यालना संस्कृत विद्यापीठ मटिहानीका प्राध्यापक ध्रुव रायले भन्नुभयो, "यस पर्वले मिथिला महिलाको सांस्कृतिक भूमिका र महत्व पनि उजागर गर्छ।" पितृ पक्षमा मनाइने पर्वमा महिलाले आफैले दिवंगत पितृलाई पिण्ड चढाउँछन्।

नर्समिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई पवित्र व्रतका रुपमा मानिन्छ। उपवास बसेका दिन महिलाले डकार गरे अथवा मुखले खकार वा जिब्रो टोके भने व्रत असफल भएको मानिन्छ। त्यसैले यस पर्वलाई खड् जितिया पनि भनिन्छ। फेरि एक पटक असफल भएकी व्रती आजीवन व्रत बस्न पाउँदैनन्।

राजा शालिवहानको राज्यमा एउटी महिलाका सात छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवहानलाई 'जितुमाहन' नामकरण गरी राजाको सम्झनामा उपवास बस्न थालेकाले यो व्रत सुरु भएको पौराणिक कथन छ। जीवनमा एक पटक टुटेपछि पुन: गर्न नपाइने हुँदा हत्तपत्त महिलाले यो पर्व अगाल्दैनन्। मिथिला क्षेत्रमा पुत्र हुने प्रत्येक महिलाले जीवनमा यो पर्व अपनाउनैपर्ने चलन छ।

# एमाले विधान महाधिवेशनको तयारी पूरा

काठमाडौँ, ११ असोज (रासस)।

नेकपा (एमाले)को विधान महाविधेशनको व्यवस्थापन पूरा गरिएको छ। यही असोज १५ देखि १७ गतेसम्म गोदावरीस्थित सनराइज सम्मेलनमा गर्न लागिएको महाविधेशनको व्यवस्थापनको तयारी पूरा गरिएको हो।

सोमबार मञ्च व्यवस्थापन समितिका संयोजक विनोद श्रेष्ठ र केन्द्रीय सदस्य तथा महाधिवेशन प्रचारप्रसार समिति संयोजक खिमलाल भट्टराईले महाधिवेशनस्थल पुगेर तयारीबारे जानकारी लिनुभएको थियो।

महाधिवेशनसभास्थलको तयारी पूरा गरिएको मञ्च व्यवस्थापन समितिका संयोजक श्रेष्ठले जानकारी दिनुभयो। उहाँले महाधिवेशनमा सहभागी हुने

***बाँकी अन्तिम पृष्ठमा***

# राजविराज नगरपालिका
# ४ नं.वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७८/६/११

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ३ हाल ४ बस्ने श्री कौशल्या हलुवाईले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी दिनुभएको मिति २०७८/६/११ गते द.न. ८५ को निवेदन माग बमोजिम सो जग्गाको कसैको हक दावी भएको सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस कार्यालयमा निवेदन दिनहुन आउनु होला अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. ३ हाल ४ बस्ने स्व. हरि प्रसाद साह हलुवाई नाउँको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|
| सप्तरी | नकटीरायपुर(साविक) | १ क | १२२२ | ०-५-० | घ.सी. |




# विश्व समाचार

## विश्वबाट आणविक हतियार उन्मूलन गर्न राष्ट्रसङ्घीय महासचिवको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ११ असोज (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले आणविक हतियाररहित विश्व निर्माण गर्न विश्व समुदायलाई आग्रह गर्नुभएको छ। उहाँले विश्व आणविक हतियारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा सो कुरा बताउनुभएको छ।

उहाँले आणविक हतियारहरु विश्वबाट नै अनिवार्य रुपमा उन्मूलन हुनुपर्नेमा जोड दिनुभयो। महामसचिव गुटर्रेसले भन्नुभएको छ यो हतियार मानवताविरुद्धको र घातक भएकोले विश्वबाट नै आणविक हतियारहरु उन्मूलन हुनुपर्नेमा जोड दिनुभएको हो। तर अहिले पनि आणविक हतियारहरु विश्वमा अहिले पनि एक चुनौतीका रुपमा रहेको पनि उहाँले बताउनुभएको छ।

उहाँले गएको एक दशक यता विश्वबाट नै आणविक हतियारहरु घट्दो रुपमा रहेको पाइएको भए पनि यसको संख्या अझै पनि विश्वमा कम्तीमा पनि १४ हजार जति रहेको उहाँले बताउनुभयो।

तर यो पनि अहिलेको विश्वका लागि घातक नै रहेको पनि उहाँले बताउनुभएको छ। त्यसैले यी सबै हतियारहरु विश्वबाट नै उन्मूलन गर्नेगरी काम गर्नुपर्ने चुनौती संयुक्त राष्ट्रसंघसमक्ष रहेको बताउनुभयो।

उहाँले संयुक्त राष्ट्रसंघले यसको स्थापनादेखि नै यस्ता हतियार उन्मूलन गर्ने कार्यक्रममा काम गरिरहेको पनि स्पष्ट गर्नुभएको थियो।

## बेलायतमा घटेनन् कोरोना सङ्क्रमित, एकैदिन ३२ हजारभन्दा बढीमा सङ्क्रमण

लण्डन, ११ असोज (रासस/सिन्ह्वा)।

बेलायतमा पछिल्ला केही हप्तायता कोभिड- १९ का सङ्क्रमितहरुको संख्या बढ्दै गएका बेला आइतबार पनि एकै दिनमा ३२ हजार भन्दा बढी सङ्क्रमित थपिएका छन्। ती सङ्क्रमितहरु पछिल्लो २४ घन्टामा थपिएका समाचारमाा जनाइएको छ।

प्राप्त समाचारअनुसार यहाँ आइतबार मात्र ३२ हजार ४१७ जना सङ्क्रमित भेटिएका हुन्। गएको २४ घण्कस्टा यतामात्र थपिएका ती सङ्क्रमतिहरुसँगै यहाँ अहिलेसम्म सङक्रमित हुनेको संख्या ७६ लाख नाघेको छ।

यहाँका स्वास्थ्य अधिकारीहरुकाअनुसार यहाँ आजसम्म सङ्क्रमितहरुको संख्या ७६ लाख ६४ हजार ५२० जना पुगेको छ। त्यसैगरी यहाँ यस सङ्क्रमणबाट भएको मृत्युको संख्या १ लाख ३६ हजार १६८ जनाको मृत्यु भएको छ।

त्यसैगरी गएको २४ घन्टामा मात्र यहाँ ५८ जनाको सङ्क्रमणबाट ज्यान गएको बताइएको छ। लन्डनमा कोभिड १९ को अवस्था समयमा सामान्यजस्तो देखिएपनि पछिल्ला दिनमा फेरि यो बढ्दै जान थालेको छ।

केही समयअघि यहाँ भाइरसका सङ्क्रमितहरु घटेपछि जनजीवनलाई पनि सामान्य बनाइएको भएपनि पछिल्लो हप्ताहरुमा महामारीको सङ्क्रमण फेरि बढ्न सक्ने खतरा देखिएको छ।

पछिल्ला केही दिनयता यहाँ हरेक दिन ३० हजार जना भन्दा पनि बढी सङ्क्रमित थपिने गरेका बताइएको छ।

## भारतमा थप २६ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ११ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप २६ हजारभन्दा बढी नयाँ सङ्क्रमित भएका छन्। पछिल्लो २४ घण्टामा भारतमा २६ हजार ४१ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ।

भारतमा अहिले पनि सङ्क्रमितको सङ्ख्या दुई लाख ९९ हजार ६२० रहेको छ। यो सङ्ख्या घट्दै गएको देखिएको छ। एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो।

त्यसैगरी अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड २९ लाख ३१ हजार ९७२ पुगेको छ। गत आइतबारसम्ममा भारतका ५६ करोड ४४ लाख जनाको स्वाब परीक्षण गरिएको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म ८६ करोड १० लाख डोज खोप लगाइएको छ।

# दुई महिनामा आठ अर्ब राजस्व

वीरगञ्ज, ११ असोज (रासस)।

सुख्खा बन्दरगाह (ड्राइपोर्ट) भन्सार कार्यालय वीरगञ्जले चालू आर्थिक वर्ष २०७८/०७९ को पछिल्लो दुई महिनामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

पर्साको सिरिसियामा रहेको यहाँ विभिन्न मुलुकबाट भारतको कोलकाता बन्दरगाह हुँदै रेलमार्गबाट कन्टेनरमार्फत नेपालमा सामग्री भित्रिन्छ। यहाँ एकपटकमा ९० वटासम्म कन्टेनरमार्फत विविध सामग्री नेपालमा आउने गर्दछ। गत साउन र भदौमा कूल रु सात अर्ब सात करोड ५३ लाख ५६ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिइएको थियो। त्यसमा लक्ष्यभन्दा २० दशमलव ९६ प्रतिशतले वृद्धि भई कूल रु आठ अर्ब ५५ करोड ८१ लाख राजस्व सङ्कलन भएको छ।

लामो समयको कोभिड-१९ को असहज अवस्था बिस्तारै सुधार हुँदै जाँदा भारतसहित तेस्रो मुलुकबाट नेपालमा पछिल्लो समय सामग्रीको आयात बढेकाले लक्ष्यभन्दा बढी राजस्व सङ्कलन भएको कार्यालय प्रमुख डा लालबहादुर खत्रीले जानकारी दिनुभयो। बढी राजस्व सङ्कलन हुनेमा भन्सार महसुल पैठारीतर्फ रु कूल तीन अर्ब ९० करोड ८२ लाख ९६ हजार र मूल्य अभिवृद्धि करतर्फ कूल रु तीन अर्ब ९८ करोड ७६ लाख ८५ हजार ६७१ रुपैयाँ सङ्कलन भएको छ।

यस नाकामा विशेष गरी भारतसहित जापान, अमेरिका, बेलायत, इजरायल, दक्षिण कोरिया, खाडी क्षेत्रका विभिन्न देशबाट सामग्री आयात हुन्छ। ठूला उद्योग कलकारखानाका लागि आवश्यक कच्चा पदार्थ, सवारी साधन, उपकरण तथा सामग्री, मदिराजन्य पदार्थ, तयारी पोशाकलगायत सामग्री तेस्रो मुलुकबाट भित्रिन्छ।

### जितियामा महिलाहरु ...

एवं प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिका कार्यालय र अन्तरगतका वडा कार्यालयहरु, नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य तथा शिक्षण संस्थाहरुमा एक दिन महिला कर्मचारीहरुलाई सार्वजनिक बिदा दिने निर्णय भएको जनाएको छ।

जितिया पर्व सोमबारदेखि शुरु भएको छ। मंगलबार बिहानीपख आँगनमा घिरौलाको पातमा दही र केरा चढाएपछि यो ब्रत शुरु हुन्छ। यो ब्रत शुरु भएपछि महिलाहरु निराहार रहने गर्छन्।

मंगलबार बिहानदेखि शुरु हुने उपवास बुधबार साँझ ५ बजेर १५ मिनेटसम्म कायम रहनेछ।

### बाल विकास केन्द्रका ...

र बाँकी नपुग रकम सम्बन्धीत स्थानिय तहले ब्यहोर्ने ब्यवस्था भएपनि राजविराज नगरपालिकाले दिन नमानेको सुनाईन्।

उनले यसबारे सर्वोच्च अदालतमा मुद्दा हाल्दा आफूहरुको पक्षमा फैसला भएपनि कार्यान्वयनमा राजविराज नगरपालिकाले चासो नदेखाएको गुनासो पोख्दै न्यायोचित माग पूरा गराउन आन्दोलनको बाटो रोज्न बाध्य भएको सुनाइन्।

# मल अनुदानमा वृद्धि

काठमाडौं, ११ असोज (रासस)।

सरकारले चालू आवमा पाँच लाख १८ हजार मेट्रिकटन रासायनिक मल आयात गर्ने भएको छ। गत वर्षको तुलनामा करिब एक लाख भन्दा बढी मल आयात गर्न लागिएको सोमबार यहाँ आयोजित कार्यक्रममा जानकारी दिइयो।

मलखाद व्यवसायी सङ्घ नेपालको पाँचौं साधरणसभा तथा दोस्रो महाधिवेशनमा यहाँ सोमबार आयोजित कार्यक्रममा कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव कृष्णप्रसाद आचार्यले मल आयातमा गत वर्ष रु १० अर्ब ५० करोडको अनुदान दिइएकामा यसवर्ष रु १२ अर्बको अनुदान दिन लागिएको जानकारी दिनुभयो।

अर्का सचिव डा गोविन्द शर्माले कृषि उत्पादनमा आवश्यक रहेको मल वितरण प्रक्रियामा निजी क्षेत्रको संलग्नता रहेपनि मूल्य निर्धारणमा एकरुपता नरहेको भन्ने गुनासो आएकोमा चिन्ता व्यक्त गर्नुभयो। सरकारले तोकेको मूल्यमा व्यवसायीले किसानको खेतबारीमा मल पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सरकारले साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनी लिमिटेडमार्फत मल भारतलगायत अन्य मुलुकबाट आयात गर्ने व्यवस्था छ। किसानको पहुँचमा मल पुऱ्याउन यी संस्थाले केही सहकारी र निजी क्षेत्रका व्यवसायीलाई मल बिक्री गर्ने गर्दछन्। साल्ट ट्रेडिङ कर्पोरेशन, कृषि सामग्री कम्पनीलगायत संस्थाका प्रतिनिधिले मलको सुरक्षित भण्डारण गर्न नसकेमा त्यसको गुणस्तरमा समस्या आउने उहाँले बताउनुभयो।

# जितिया पर्व सुरु

**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज।**

सोमबारदेखी मिथिलाञ्चल क्षेत्रका महिलाहरु जितिया पर्वको पहिलो विधी नहाय खाय विधी गरेका छन्।

तीन चल्ने जितिया पर्वको पहिलो दिन सोमवार स्थानीय महिलाहरु जलाशयमा स्नान गरेर जितवाहन भगवानको पुजा आराधना गरी नहाय खाय विधी शूरु गरेका छन्।

भगवानको आराधना पश्चात महिलाहरुले घरमा मरुवाको रोटी, माछा लगायतका परिकार खाने चलन छ। साकाहारीले भने गम्हरी (कोसा भित्रै फल्ने धान) को खिर वा भात खाने चलन छ।

मंगलबार बिहान सुर्योदय अघि ब्रतालुहरुले घिरौलाको पातमा दही, च्युरा, केरा चढाएर पूजा गर्ने गर्छन् अनि प्रसादको रुपमा ग्रहण गर्ने चलन रही आएको छ। सूर्योदयपछि मंगलवार उपवास शूरु हुनेछन्। तेश्रो दिन बुधवार साँझ फलफुल, केराउ, अरुवा चामल चढाएर पारायण (पारण) गरेपछि महिलाहरुले भोजन गर्ने र यो पर्व सम्पन्न हुनेछ।

# राजनीतिक दलसम्बन्धी अध्यादेश खारेज

काठमाडौं, ११ असोज (रासस)।


राष्ट्रपति विद्यादेवी भण्डारीले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८' खारेज गर्नुभएको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले सो अध्यादेश खारेज गर्ने निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को निर्णय र प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा नेपालको संविधानको धारा, ११४ को उपधारा, २ को खण्ड (ख) बमोजिम राष्ट्रपतिले सो अध्यादेश खारेज गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ।

### एमाले विधान ...

करिब पाँच हजार जनालाई सभाहलमा अट्ने गरी व्यवस्थापन गरिएको बताउनुभयो।

"सभामा दुई हजार ८४० कुर्ची भए पनि दायाँबायाँका खाली कोठामा थप एक हजारका दरले कुर्ची राखेर हामी व्यवस्थापन गर्छौं", उहाँले भन्नुभयो, "त्यहाँ पनि नअट्ने माथि बार्दलीमा स्क्रिन राखेर भए पनि प्रतिनिधिलाई अटाउने व्यवस्था गर्दछौं।"


नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*